फालेलुङ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः (२) संख्याः (९) मितिः २०७५।०६।१०

## भाग-२

## फालेलुङ गाउँपालिका

# फालेलुङ गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन  कार्यविधि –२०७५

## प्रस्तावना :

फालेलुङ गाउँपालिका भित्र सञ्चालित विकास आयोजना तथा कार्यक्रम सञ्चालन गर्ने क्रममा विग्रिएका , भत्किएका र मर्मत गर्नुपर्ने सडकहरुको मर्मत सम्भार गर्न र सो सम्बन्धमा हुने खर्चहरु प्रभावकारी , अनुमानयोग्य र पारदर्शी रुपमा गर्न बाञ्चनिय भएकाले गाउँसभाबाट मर्मत सम्भार कोषमा विनियोजित रकमबाट व्यय हुने गरि मर्मत सम्भार कार्य गर्न यो कार्यविधि बनाई फालेलुङ गाउँपालिका क्षेत्र भित्र ०७५ श्रावण १ गते बाट लागु हुने गरि जारी गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१)  फालेलुङ गाउँपालिकाको मर्मत कोष सञ्चालन  कार्यविधि –२०७५ रहनेछ ।

(२) यो कार्यविधि ०७५ श्रावण १ बाट लागु हुनेछ ।

२. **मर्मत गरिने सडकहरुको बर्गिकरण :** मर्मत सम्भार कोषबाट व्यय हुने गरि निम्नानुसारको सडकहरुको मर्मत गरिनेछ ।

क) जोरपोखरी–काउले-पञ्चमुखी-ताङलेपा-मेमेङ-गुरुङटार ।

ख) सिव्देन-जोरपाटी-नवमी खोला - याङतारु चोक - भञ्ज्याङ-थोक्लिम्बा ।

ग) नवमी खोला - चुहान गाउँ - थोक्लिम्बा ।

घ) ताङलेपा–भञ्ज्याङ ।

ङ) विहिदिन-धर्मेटार-प्राङबुङ डम्फु चोक ।

च) आकाशे -विहिदिन-बरभञ्ज्याङ-प्राङबुङ  ।

ज) पापुन्देन थोक्पन ।

झ) अंशु भञ्ज्याङ बासबोटे लुवाफु  ।

ञ) ओमचोक सुर्केनागि मगरचेपा सेसेलुङ अंशुभन्जयाङ ।

ट) आवश्यक्ता अनुसार पुल पुलेसा निर्माण गर्ने कार्य समेत यसै कोष बाट गर्न सकिनेछ ।

ठ) बतासे बरभन्ज्याङ दवाइपानी किराँतचोक ।

**३. मर्मत सम्भार कोष सहजीकरण समिति :** मर्मत सम्भार कोष मार्फत भएको सडक मर्मतको निकासा फुकुवा गर्न देहाय अनुसारको मर्मत सम्भार कोष समिति रहनेछ ।

क) अध्यक्ष : गाउँपालिका अध्यक्ष

ख) उपाध्यक्ष : गाउँपालिका उपाध्यक्ष

ग) सचिव : गाउँपालिका प्राविधिक शाखा प्रमुख

४. आवश्यक्ताको पहिचान : दफा २ मा उल्लिखित सडकहरुको मर्मत सम्भार गर्नुपर्ने भए सडकको मर्मत सम्भारको सिफारिस सम्बन्धित वार्डका वडाध्यक्षले गर्नेछन ।

**५. योजना कार्यान्वयन प्रक्रिया :** वडाध्यक्षबाट प्राप्त सिफारिसका आधारमा सम्बन्धित सडकको लागत अनुमान तयार गरि वडा कार्यालयले कानुन बमोजिम उपभोक्ता समिति गठन गर्नेछ ।

**६. उपभोक्ता समिति गठन, योजना अनुगमन तथा मुल्याङ्कन एवं भुक्तानी प्रक्रिया :** उपभोक्ता समिति गठन, योजना अनुगमन तथा मुल्याङ्कन एवं भुक्तानी प्रक्रिया फालेलुङ गाउँपालिकामा उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि ०७५ बमोजिम नै हुनेछ ।

**७. कोषमा मौज्दात राखिनु पर्ने :** कोष स्थापना भए पश्चात कोषको रकमको ७० प्रतिशत रकम २०७५ सालमा र ३० प्रतिशत रकम २०७६ सालमा व्यय हुने गरि आवश्यक व्यवस्थापन गर्ने जिम्मा कोष सञ्चालन सहजीकरण समिति तथा खाता सञ्चालकको रहनेछ ।

**८. अन्य समितिले कार्य गर्न सक्ने :** विशेष परिस्थिति श्रृजना भइ तत्काल उपभोक्ता समिति गठन गर्न असहज परिवेशको श्रृजना हुन गए गाउँपालिका अध्यक्षको आदेश लिई वडा कार्यालयमा मर्मत गरिने सडक क्षेत्रमा रहेका आमा समूह , महिला समूह , सामुदायिक बन उपभोक्ता समिति , वा सोही सडकमा साविकको उपभोक्ता समिति बाट कार्य गराउन सक्नेछ । तर उक्त समितिलाई निर्माण पश्चाल समुदायको भेला गराई अनुमोदन गराउनुपर्नेछ ।

**९. कार्यपालिकाले योजना बाँडफाड गर्न सक्ने :** यस कोषको अधिनमा रही बुँदा नं. २ मा उल्लिखित सडक तथा पुलहरुको मर्मतका लागि एकमुष्ठ बजेट विनियोजन कार्यपालिकाले गर्न सक्नेछ ।

**आज्ञाले**

मौसम ढुङ्गेल

प्रमुख प्रशासकीय अधिकृत